सिम्रौनगढ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ मितिः २०८२/१०/१५

**भाग-२**

**सिम्रौनगढ नगरपालिका**

## सिम्रौनगढ नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि २०८१

नगर सभाबाट स्वीकृत मितिः २०८१/०३/२६

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१/०३/२६

# सिम्रौनगढ नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०८१

सिम्रौनगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सिम्रौनगढ, बारा, नेपाल

# सिम्रौनगढ नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०८१

नगर सभाबाट स्वीकृत मिति २०८१/०३/२६

**प्रस्तावनाः**

सिम्रौनगढ नगरपालिकाबाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथा जिन्सी मालसमान लगायतका अनुदान छिटो, छरितो, मितव्ययी पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र अनुदान प्राप्त गर्ने संघ संस्थाहरुलाई अनुशासित, जवाफदेही र उत्तरदायी बनाई परिणाम हासिल गर्न, सिम्रौनगढ नगरपालिकाको नगर सभाबाट पारित भएका वार्षिक योजना तथा कार्यक्रमहरुमा संघ संस्थाबाट गराउनु पर्ने उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न र गराउन सिम्रौनगढ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ को उपदफा (१) बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिईएको अधिकार प्रयोग गरी सिम्रौनगढ नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्मः

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "सिम्रौनगढ नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि २०८१" रहको छ।

(ख) यो कार्यविधि सिम्रौनगढ नगरपालिकाको नगर सभाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा र व्याख्याः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः**

(क) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

(ख) "सभा" भन्नाले सिम्रौनगढ नगरपालिकाको नगर सभालाई जनाउनेछ।

(ग) "कार्यपालिका" भन्नाले सिम्रौनगढ नगरपालिकाको नगर कार्यपालिकालाई जनाउनेछ।

(घ) "कार्यविधि" भन्नाले सिम्रौनगढ नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि,२०८१ लााई जनाउनेछ।

(ङ) "विधान" भन्नाले संस्थाको स्वीकृत विधानलाई जनाउनेछ।

(च) "संचालक समति वा कार्यकारी समिति "भन्नाले संस्थाको विधान अनुसार कार्यकारीको रुपमा कार्य गर्ने गरी गठित अधिकार प्राप्त समितिलाई जनाउनेछ।

(छ) संस्था" भन्नाले प्रचलित कानुन बमोजिम गठित सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक, बौद्धिक, धार्मिक, सांस्कृति, बैज्ञानिक आदि कार्य गर्न गठित संघ, संस्था संगठन, कल्ब, अध्ययन केन्द्र,मण्डल, प्रतिष्ठान, परिषद आदी गैर सरकारी निकायहरु र विधालय महाविधालय, स्वास्थ्य संस्थाहरु आदि सरकारी संस्थाहरुहरुलाई समेत जनाउनेछ।

(ज) "प्रस्ताव" भन्नाले कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएको अनुसूचि-१ बमोजिमको निवेदन सहितको परियोजनालाई जनाउनेछ।

(झ) "लागत" भन्नाले कार्यक्रमका लागि लाग्ने कुल खर्च रकमलाई जनाउनेछ।

(ञ) "लेखा परिक्षण प्रतिवेदन " भन्नाले रजिष्टर्ड लेखा परीक्षकबाट संस्थाको लेखा परीक्षण गरी दिएको प्रतिवेदनलाई जनाउनेछ।

(ट) "सार्वजनिक निजी साझेदारी" भन्नाले सिम्रौनगढ नगरपालिकासँग करार गर्न योग्य कानुनी व्यक्ति बिच लगानी, सेवा प्रवाह र जोखिम युक्त संयुक्त रुपमा बहन गर्न ईच्छुक भई भएको करार व्यवस्थापनलाई जनाउनेछ।

(ठ) "लाभग्राहीको समुह" भन्नाले प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको समुहलाई जनाउनेछ।

(ड) "विशेष काम" भन्नाले ऐन नियम बमोजिम स्थापन भएको कोषलाई जनाउनेछ।

(ढ) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि सिम्रौनगढ नगरपालिकाबाट कुनै व्यक्ति, फर्म वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुजिगत अनुदान समेतलाई जनाउनेछ।

(ण) "कार्यक्रम अनुदान" भन्नाले लागत अनुमानका आधारमा सम्झौता गरी सम्झौतामा उल्लेख भए अनुसार दिईने आर्थिक तथा प्राविधिक सहयोगलाई जनाउनेछ।

(त) "आर्थिक सहायता" भन्नाले विपदका समयमा, संक्रमण अवस्थामा बिना लागत अनुमान व्यक्ति वा संस्थालाई दिईने आर्थिक तथा प्राविधिक सहयोगलाई जनाउनेछ।

(थ) "संस्थागत अनुदान" भन्नाले वार्षिक निति तथा कार्यक्रम अनुसार सम्झौतामा उल्लेखित शर्त अनुसार संस्था आफैले सञ्चालन गर्ने गरी दिइने रकमलाई जनाउनेछ।

(द) "नगरपालिका" भन्नाले सिम्रौनगढ नगरपालिकालाई जनाउनेछ।

## परिच्छेद–२
## प्राथमिकता क्षेत्र र संस्थाको सुची दर्ता

**३. प्राथमिकताका क्षेत्रहरुः**

(१) सिम्रौनगढ नगरपालिकाले अनुदान उपलब्ध गराउन प्रस्तावित कार्यक्रमको स्वीकृत देहायका प्राथमिकताका आधारमा गर्नुपर्नेछः-

(क) महिला, दलित, आदिवासी, जनजाती र पिछडिएका समुदायहरुसंग सम्बन्धित आयमुलक, सिपमुलक, रोजगारी, सिर्जना एवं क्षमता विकास गर्ने कार्यक्रमहरु,

(ख) जनचेतनामुलक तथा साक्षरतामूलक कार्यक्रमहरु,

(ग) मधेश संस्कृतिको संरक्षण, सम्पदा संरक्षण र पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु,

(घ) वातावरण संरक्षण, सम्वर्द्धन र विकास सम्बन्धी कार्यक्रमहरु,

(ङ) विपद जोखिम न्युनिकरण सम्बन्धी कार्यक्रमहरु,

(च) समुदायमा आधारित सहभागितामुलक कार्यक्रम,

(छ) गरिबी न्युनिकरणमा सहयोग पुयाउने कार्यक्रमहरु,

(ज) दलित, पिछडावर्ग, महिला, जनजाति, तथा अपाङगता भएका बाल बालबालिका शिक्षामा पहुच सूचिश्चित गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरु, र बालविकास, बाल आश्रम उन्मुलन, बालस्वास्थ्य, बाल शिक्षा, बाल अधिकार बाल मनोविज्ञान सम्बन्धित कार्यक्रमहरु,

(झ) खेलकुद विकाससंग सम्बन्धित कार्यक्रमहरु,

(ञ) स्थानीय टोल, समुदायको क्षमता विकास, जनचेतना अभिबृद्धि, पुर्वाधार विकास, सामाजिक परिचालन एवं सहभागितामूलक कार्यक्रम,

(ट) स्थानीय स्रोत साधन परिचालन हुने कार्यक्रमहरु

(ठ) गृहिणीहरुको स्वास्थ्यमा सुधार हुने खालको (ग्यास) सिलिण्डर तथा चुल्हो वितरण कार्यक्रमहरु,

(ड) जनप्रतिनिधि तथा कर्मचारीहरुको स्वास्थ्यमा सुधार गर्ने कार्यक्रमहरु

(ढ) नेपाल सरकार र नगरपालिकाको उदेश्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरु

(ण) दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरु,

(त) कार्यसम्पादन मूल्याङ्कनमा सहयोग पुऱ्याउने कार्यक्रमहरु,

(थ) सिम्रौनगढ नगरपालिकाका कर्मचारीहरु तथा जनप्रतिनिधहरुलाई जटिल रोग लागि स्वास्थ्य उपचार गर्नुपरेमा,

(द) छोरी पढाउ अभियानमा मदत पुग्ने खालको कार्यक्रम जस्तै छात्राहरुलाई ल्यापटप कम्पयुटर वितरण, कम्प्युटर तालिम सञ्चालन, साईकल वितरण, विधालय पोषाक वितरण जस्ता कार्यक्रमहरु।

(२) आर्थिक सहायताको हकमा देहाय बमोजिमको व्यक्तिहरूलाई आर्थिक सहयोग गरिनेछः-

क. आर्थिक रुपले विपन्न र पीडित बालबालिकाहरू

ख. दीर्घ रोगी तथा क्यान्सर पीडित

ग. अपाङ्ग

घ. बृद्ध-बृद्धा

ङ. हिसां पीडित तथा मानव बेचबिखनमा परेका व्यक्तिहरु

च. प्राकृतिक विपत्ति तथा विपदमा परेका व्यक्तिहरु(आगलगी, बाढी, पहिरो, भुकम्प, भुक्षय, असिना, खडेरी तथा माटोपूरी मृत्युसमेत)

छ. बेवास्तामा परेका व्यक्तिहरु

ज. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता

झ. धर्म संस्कृति तथा पूजापाठ

ञ. सार्वजनिक स्थलमा भीडभाडका कारण हुलदंगामा परी घाइते भएका व्यक्तिहरु

(३) आर्थिक सहयोग दिनका लागि नगर प्रमुखको तोक आदेशबाट अधिकतम रु.१०,०००/- दश हजार मात्र दिन सकिनेछ तथा सो भन्दा बढी आर्थिक सहयोग गर्नु पर्ने देखिएमा कार्यपालिकाले तोके/निर्णय बमोजिम हुनेछ।

**४. संघ/संस्था सूचिकृत गर्ने सम्बन्धी व्यवस्थाः-**

(क) सिम्रौनगढ नगरपालिकाबाट प्रदान गरिने संस्थागत तथा कार्यक्रम अनुदानका लागि सर्वप्रथम सिम्रौनगढ नगरपालिकाको अनुसुची—२ बमोजिमको सुचना अनुसार दर्ता भई सूचिकृत हुन निवेदन संघ/संस्थाको महासचिव वा सचिवबाट प्रमाणित गरी छाप लगाई पेश गर्नुपर्नेछ।

## परिच्छेद—३
## अनुदान तथा आर्थिक सहायताको प्रकार र प्रकृयाहरु

**५. (१) अनुदानका प्रकारहरुः-**

(१) सिम्रौनगढ नगरपालिकाले देहायबमोजिमका अनुदान दिन सक्नेछः-

क. संस्थागत अनुदान,

ख. कार्यक्रम अनुदान,

ग. आर्थिक अनुदान

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको संस्थागत अनुदानः- कुनैपनि सरकारी संस्था, अर्धसरकारी संस्था कानुन बमोजिम स्थापित गैर नाफामुलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्ताव दफा ३ मा उल्लेखित प्राथमिकता र नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको आधारमा स्वीकृत गरी संस्था आफैले सम्पुर्ण कार्य गर्ने गरी प्रगति विवरणको आधारमा निकासा उपलब्ध गराईनेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम शुरुमा स्वीकृत कार्यक्रमको एक तिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिनेछ। अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भए पश्चात नगरपालिकाबाट अनुगमन भएपछि मात्र उपलब्ध गराउन सकिनेछ। यसरी सम्बन्धित संस्थाले कार्यक्रम बनाई खर्च गर्ने गरी निकासा पठाउदा उक्त कार्यको लेखा परिक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यवस्था समेत सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

(४) उपदफा (३) जुनसुकै कुरा लेखिएको भए तापनि यस सिम्रौनगढ नगरपालिकामा विगतका वर्षहरुमा काम गरेको संस्थाहरुको कार्य सम्पादन राम्रो भएको र नगर सभाबाट किटान गरिएका संघ/संस्थाको हकमा एकमुष्ठ संस्थागत अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यक्रम अनुदान कुनै पनि सरकारी संस्था, अर्धसरकारी संस्था कानुन बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्तावको दफा ३ मा उल्लेखित प्राथमिकताको आधारमा र नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको आधारमा स्वीकृत गरिनेछ।

(६) उपदफा (५) बमोजिमको कार्यक्रममा शुरुमा स्वीकृत कार्यक्रमको एकतिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिने छ। उक्त कार्यको अनुगमन मूल्याङ्कन सिम्रौनगढ नगरपालिकाले गर्ने गरी कार्य प्रगति विवरणको आधारमा सोधभर्ना स्वरुप रकम उपलब्ध गराउन सकिनेछ। अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भए पश्चात मात्र उपलब्ध गराउन सकिनेछ।

(७) उपदफा (१) को खण्ड (ग) बमोजिमको आर्थिक सहायताको लागि व्यक्तिको निवेदन प्राप्त भए पछि स्वीकृत बजेटको परिधिभित्र रही दफा(३) को उपदफा(२) को आधारमा व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ। संस्थाबाट निवेदन प्राप्त भए पछि स्वीकृत बजेटको परिधिभित्र रही नगर कार्यपालिकाले रकम भुक्तानी गर्न निर्णय लिन सक्नेछ। सोही निर्णयको आधारमा एकमुष्ठ वा किस्ताबन्दीको आधारमा रकम उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद—४
## अनुदानका विषयगत क्षेत्रहरु

**६. अनुदानका क्षेत्रहरुः-**

(१) सिम्रौनगढ नगरपालिकाले कार्यक्रम अनुदान दिन सक्ने विषयगत क्षेत्रहरु देहाय बमोजिम हुनेछः-

क. शैक्षिक तथा जनचेतनामुलक कार्यक्रमहरु,

ख. बृद्ध-बृद्धा आश्रमहरु सञ्चालन सम्बन्धी कार्यक्रमहरु,

ग. राहत तथा पुर्नस्थापन सम्बन्धि कार्यक्रमहरु

घ. वातावरण ,जलवायु परिवर्तन सम्बन्धी संरक्षण, विकास र सम्बर्द्धन सम्बन्धी कार्यक्रमहरु,

ङ. प्रकोप तथा विपद व्यवस्थापन र पूर्वतयारी सम्बन्धि कार्यक्रमहरु

च. स्वास्थ्य शिविरहरु, रक्तदान कार्यक्रमहरु, विशेष खोप कार्यक्रमहरु

छ. अपाङ बालबालिका हेरचाह, उद्धार, शिक्षा र पुर्नस्थापना सम्बन्धी कार्यक्रमहरु

ज. मसानघाट, चिहान,क्रिया पुत्री दाह संस्कार व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु

झ. सुकुम्बासी समस्या समाधान सम्बन्धि कार्यक्रमहरु

ञ. घरेलु बाल श्रमिक समाधान सम्बन्धि कार्यक्रमहरु

ट. सडक बाल बालिकाको पुर्नस्थापना, शिक्षा,उद्धार सम्बन्धि कार्यक्रमहरु

ठ. वेवारिसे सडक मानव (मानसिक रोगी, बृद्ध, घरबार विहिन मानिसहरु सम्बन्धि) कार्यक्रमहरु

ड. बेरोजगारको लागि सिपमुलक तालिम (गैर नाफामुलक) सञ्चालन गर्ने संस्थाहरु

ढ. स्थानीय भाषा, सस्कृति संरक्षण र विकास सम्बन्धि कार्यक्रमरु

ण. बृक्षारोपन—नदि किनार, सडक पेटी, सार्वजनिक स्थल, आदी) सम्बन्धि कार्यक्रमहरु

त. राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पदा संरक्षण,विकाससंग सम्बद्ध सम्बन्धि कार्यक्रमहरु

थ. मधेश संस्कृति संरक्षण, ऐतिहासिक पुरातात्विक स्थलको संरक्षण, ऐतिहासिक पोखरी, उधान, पाटी, पौवा, सत्तल, मन्दिर, गुम्बा, मस्जिद, देवल आदिको संरक्षण सम्बद्र्धन विकास सम्बन्धि कार्यक्रमहरु

द. स्थानीय जात्रा,पर्व उतस्व र यस्तै प्रकारका सम्बन्धि कार्यक्रमहरु

ध. खेलकुदको विकाससंग सम्बन्धित स्थानीय तथा राष्ट्रिय स्तरका सम्बन्धि कार्यक्रमहरु

न. स्थानीय जनचेतनामुलक सकारात्मक सोच अभिबृद्धि गराउने उद्धेश्यले सञ्चालित कार्यक्रमहरु

ञ. सुरक्षित आवासगृह निर्माण सम्बन्धी कार्यक्रमहरू

(२) सिम्रौनगढ नगरपालिकाले देहायका प्रकृया अपनाई कार्यक्रम अनुदान दिने सक्नेछः-

क. सामुदायिक भवन, शौचालय, खानेपानी, धारा तथा ट्यांकीको निर्माण, मर्मत जीर्णेद्धार सामुदायिक विधालय र सामुदायिक भवन,शौचालय, पानी टयाङकी,धाराको निर्माण सुधार, जिर्णेद्धार,मर्मत गर्नको लागि आर्थिक वा प्राविधिक सहयोग आवश्यक भएको लिखित जानकारी कार्यालयले प्राप्त गरी स्वीकृत भएमा, प्राविधकबाट पुष्टयाई गरिएको लागत अनुमान, अन्य निकायको सहभागिता सम्बन्धि लिखित प्रतिवद्धता, सम्बन्धित पक्षले व्यवहोर्ने आर्थिक तथा प्राविधिक लागत मुल्य खेलेको विवरण सहितको कागजातहरुलाई आधारमा भवन निर्माणमा सहयोग उपलब्ध गराउदा कुल लागतको पच्चास प्रतिशतले हुन आउने रकम र सुधार जिर्णेद्धार, मर्मत गर्नको लागि रु.तिन लाख भन्दा बढि नहुनेगरी कार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराईनेछ।

ख. स्वास्थ्य, शिक्षा, भाषा,सस्कृति, मेलमिलाप केन्द्र, पाटी पौवा सतल आदी, खेलकुद, वृक्षारोपन वातावरण संरक्षण विकास तथा सम्बर्द्धन सम्बन्धि कार्यक्रमः-

(१) माग  रकमको प्रयोजन, उदेश्य र सोको प्रयोगबाट नगरपालिका वा नगरवासीलाई हुन सक्ने प्रत्यक्ष वा अप्रत्यक्ष फाईदाको मापन सहितको अनुदान माग निवदेन निवेदकबाट प्रप्त गर्नुपर्नेछ।

(२) माग अनुसारको कार्यक्रम सञ्चालन हुने स्थान र लागतको यकिन र सो कार्यक्रम सञ्चालन गर्न लाग्ने खर्च व्यवहोर्ने श्रोतहरु निवेदकबाट स्पष्ट खुलाउनुपर्नेछ।

(३) यस कार्यविधिले तोकेको प्रावधानको परिधि भित्र रही सिम्रौनगढ नगरपालिका बोर्डले स्वीकृत गर्नेछ।

(४) आर्थिक सहायता तथा कार्यक्रम सहयोगको जानकारीको सम्बन्धि संस्था वा व्यक्तिलाई समाज कल्याण शाखाले स्वीकृत भएको मितिले यथाशिघ्र चाडो दिनुपर्नेछ।

ग. खेलकुदः-

(१) सम्बन्धित वडाबाट खेलकुद कार्यक्रम सञ्चालन गर्न उपयुक्त र आवश्यक छ भनी गरेको सिफारिस,

(२) सम्बन्धित कार्यसमितिले सिम्रौनगढ नगरपालिकासंग आर्थिक सहयोग लिई कार्यक्रम सञ्चालन गर्ने भनि गरेको निर्णय र सिम्रौनगढ नगरपालिकामा सम्पर्क र समन्वय गर्ने पदाधिकारको नाम, र पद खुलेको अधिकारीक पत्र।

(३) सम्बन्धित निकायमा दर्ताभएको प्रमाणत्रको नवीकरण प्रतिलिपी।

(४) विधानको प्रतिलिपी ।

(५) खेलकुद सञ्चालन समय तालिका सहित विस्तृत विवरण

घ. औधषी उपचारः- सिम्रौनगढ नगरपालिकाले औषधी उपचारको लागि सहयोग उपलब्ध गराउदा निम्न प्रकृया अवलम्बन गर्नेछ।

(१) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।

(२) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ्ग होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँचपास गरेको प्रमाणको प्रतिलिपी। यस्तो कागजात निवदेन दिने मितिले १ एक महिना पुरानो भएमा मान्य हुने छैन।

(३) सरकारी स्वास्थ्य संस्थाको डाक्टरले उपचारको लागि लेखी दिईएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लागने खर्चको विवरण।

(४) कडा रोग लागि अपरेशन गर्नुपर्ने कुनै अंग फेर्नु पर्ने वा उपचारको लागि धेरै खर्च लाग्ने भएमा सोको मेडिकल बोर्डको सिफारिस पेश गर्नुपर्नेछ।

(५) औषधी उपचार सहयोग एक व्यक्तिलाई एक पटकमा रु.१०,०००/-अक्षरेपी दश हजार मात्र भन्दा बढि उपलब्ध गराउनुपर्ने छैन। तर क्यान्सर, मुटुरोगी , मृगौला प्रत्यारोपन, बोनमैरो प्रत्यारोपन, स्पाईनल

ईन्जुरी भएका रोगीका लागि नगरपालिकाले एक पटकको लागि रु.१५,०००/-अक्षरेपी पन्ध्र हजार उपलब्ध गराउनेछ।

तर उपदफा (४) र (५) बमोजिम औषधी उपचारको सहयोग नगर प्रमुखबाट निर्णय गरी वितरण गरिनेछ यस्तो निर्णय नगरपालिकाको बैठकमा अनुमोदनको लागि पेश गरिनेछ।

(६) औषधी उपचार सहयोग उपलब्ध गराउदा सिम्रौनगढ नगरपालिका जनस्वास्थ्य विभागको राय एवं सिफारिस बमोजिम गरिनेछ। विशेष परिस्थितिमा बाहेक नगर सहयोग नदिई औषधी वा उपचारका उपकरणहरु जनस्वास्थ्य विभागले उपलब्ध गराउनेछ।

ङ. छात्रवृत्तिः- सिम्रौनगढ नगरपालिका क्षेत्र भित्र स्थायी बासोबास भई सार्वजनिक विधालयमा अध्यनरत विधार्थीहरुलाई सिम्रौनगढ नगरपालिकाको छात्रबृति व्यवस्थापन समितिले निर्णय गरे अनुसार छात्रबृति वितरण गरिनेछ।

## परिच्छेद —५

## संस्थागत वा कार्यक्रम प्रस्ताव, छनौट, स्वीकृती र सम्झौता प्रकृया

**७. संस्थागत/कार्यक्रम प्रस्ताव पेश गर्नेः-**

(१) सिम्रौनगढ नगरपालिकाले सूचिकृत संस्थाहरुबाट प्रस्ताव माग गर्न सकिनेछ। संस्थाहरुले अनुदान माग गर्दा देहाय बमोजिमका कागजातहरु सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

क. निर्धारित ढाँचाको प्रस्ताव सहितको निवेदन प्रति।

ख. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी नवीकरण सहित।

ग. आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी नवीकरण सहित।

घ. संस्थाको विधानको प्रतिलिपी।

ङ. लखा परिक्षण प्रतिवेदनको प्रतिलिपी।

च. संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपी।

छ. वडाले कार्यक्रम उपयुक्त भनी गरेको सिफारिसको सक्कलैपत्र।

ज. अधिल्लो वर्षामा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सो बाट भएको उपलब्धि, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नुपर्ने।

झ. समाज कल्याण परिषदमा आवद्ध भएको प्रमाणपत्रको प्रतिलिपी।

ञ. नगरपालिकामा मौजदात सूचिमा भएको प्रतिलिपी।

ट. सञ्चालन गरिने वार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण।

ठ. संस्थाको गत वर्षको आय व्यय विवरण।

ड. आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रमहरुको विवरण।

ढ. संस्थाको कार्य समिति सदस्यहरुको विवरण।

ण. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले व्यक्तिगत आर्थिक सहायता लागि निवेदन मात्र पेश गरी सहायता माग गर्न सक्नेछ।

**८. प्रस्ताव छनौट तथा स्वीकृति छनौटः-**

(१) प्रस्ताव प्राप्त भएपछि सम्बन्धित शाखाले परियोजना छनौटका लागि देहायका बमोजिम कुराहरु भए नभएको जाँच गर्नुपर्नेछ। प्रस्ताव छनौटका लागि देहाय बमोजिम भएको हुनुपर्नेछः-

क. प्रस्तावको साथमा दफा ७ मा तोके बमोजिम कागजतहरु भएको,

ख. प्राप्त कार्यक्रम प्रस्ताव सिम्रौनगढ नगरपालिकाको वार्षिक निति तथा कार्यक्रमको प्राथमिकतामा परेको ,

ग. प्रस्तावमा सहयोग वा सहकार्य गर्न माग गरेको कार्यक्रमको हकमा निम्न कुराहरु स्पष्ट भएको हुनुपर्नेछः-

(१) कार्यक्रममा सहकार्य गर्ने संस्था तथा निकायहरु

(२) कार्यक्रमका सञ्चालन गर्न विभिन्न संस्था तथा निकायहरुबाट बेहोरिने रकमहरु,

(३) रकम प्राप्त गर्न समय ,

(४) रकम प्राप्त गर्न तरिका।

(२) उपलफन (१) मा उल्लेखित विवरणहरु पुरा भएपछि सम्बन्धित शाखाबाट संस्थाको कार्यालय तथा कार्यक्रम सञ्चालन स्थलको निरीक्षण गर्न सक्नेछ। निरीक्षणका क्रममा निरीक्षण कर्ताले संस्थाको भौतिक स्रोत साधन, जनशक्ति तथा क्षमता सम्बन्धमा समेत अध्ययन गर्नुपर्नेछ।

(३) दफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव स्वीकृत गर्ने नगर्ने अधिकार सिम्रौनगढ नगरपालिका नगर कार्यपलिकामा निहित रहनेछ।

९. **सम्झौताः-** अनुदान प्रस्ताव छनौट भई स्वीकृत भउ पश्चात सम्बन्धित संस्था र सिम्रौनगढ नगरपालिकाको कार्यालय बिच सम्झौता गर्नुपर्नेछ ।सम्झौताको नमुना अनुसूचि—३ मा उल्लेख गरिएको छ । सम्झौता भए पश्चात संस्थाले सम्झौतामा उल्लेखित बुदां बमोजिम कार्यक्रम संचलन गर्नुपर्नेछ। तर १० (दश) हजार रुपैया भन्दा कम अनुदान रकम र आर्थिक सहायता रकमको लागि सम्झौता गर्नुपर्ने छैन।

## परिच्छेद—६
## अनुदान रकमको भुक्तानी प्रक्रिया

**१०. सम्झौता बमोजिम रकम उपलब्ध गराउनेः-**

(१) सम्झौता प्राप्त भएपछि सम्झौतामा उल्लेख भए अनुसार कागजातहरु सहित सम्बन्धि संस्थाले रकम माँग गर्नुपर्नेछ। रकम माग भई आपछि सिम्रौनगढ नगरपालिकाले सम्झौता अनुसार पहिलो किस्ता रकम बढिमा सम्झौता रकमको ३३(तेतिस) प्रतिशत मात्र उपलब्ध गराउनुपर्ने छ। बाँकी किस्ता रकम देहायको प्रगति प्रतिशत विवरणको आधारमा उपलब्ध गरानुपर्नेछ ।तर अन्तिम किस्ता रकम भने कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र उपलब्ध गराउनुपर्नेछ। रकम उपलब्ध गराउने आधारहरुः-

क. पहिलो किस्ता सम्झौता रकमको ३३ प्रतिशत पेश्की स्वरुप उपलब्ध गराउन सक्ने ।

ख. दोस्रो किस्ता काम सम्पन्न गरेको प्रतिवेदनका आधारमा ३३ प्रतिशत पहिलो किस्ताको पेश्की फर्छ्यौट गरी दोस्रो किस्ता उपलब्ध गराउने । दोस्रो किस्ताको पेश्की फर्छ्यौट गरि बाँकी ३४ प्रतिशत वा खर्च रकम (लागत रकम भन्दा बढि नहुनेगरी सोध भर्ना दिने)।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि विगत देखि काम गर्दै आएको संस्था एवं नगर सभाबाट पारित योजना तथा कार्यक्रममा अनुदान दिने भनी किटान भएको संघ/संस्थालाई एकमुष्ठ संस्थागत अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(३) संस्थालाई उपलब्ध गराउने रकम एकाउन्टपेयी चेक मार्फत हुनेछ।

(४) दश हजार रुपैया सम्मको सहयोग संस्थालाई पुरै उपलब्ध गराईनेछ र सो भन्दा बढीको सहयोग सम्झातामा उल्लेख गरिए अनुसार किस्ताबन्दीमा उपलब्ध गराईनेछ।

(५) पाँच हजार सम्मको संस्थागत वा कार्यक्रम अनुदान संस्थालाई उपलब्ध गराउदा सम्झौता नगरी एकमुष्ठ उपलब्ध गराउन सकिनेछ।

(६) सम्झौता अनुसारको कार्य नभएमा बाँकी रकम उपलब्ध गराइने छैन र सो सम्झौता गर्ने संथाहरुबाट अनुदान वापत उपलब्ध गराइएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

(७) प्रगति विवरण पेश नगर्ने संस्थाहरुलाई पुनः संस्थागत तथा कार्यक्रम सहयोग उपलब्ध गराईने छैन।

(८) माथि जुनसुकै लेखिएको भएतापनि व्यक्तिगत आर्थिक सहायता रकम बढीमा रु.५०००/- सम्म हुनेछ र उक्त रकम निवेदनको आधारमा अवस्था हेरी उपलब्ध सकिनेछ। आर्थिक सहायता उलब्ध गराउने वा नगराउने अधिकार सिम्रौनगढ नगरपालिकाको कार्यालयमा निहित रहनेछ।

(९) यस कार्यविधिमा तोकिए विपरित अनुदान वितरण गरिएमा, त्यसतो आदेश दिने, आदेश दिन सिफारिस र सहयोग गर्ने एवं भुक्तानी दिने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनेछ।

## परिच्छेद—७
## निरिक्षण, अनुगमन तथा मूल्यांकन प्रतिवेदन

**११. निरिक्षण तथा अनुगमनः-**

(१) सम्झौता अनुसारको कार्य भए नभएको सम्बन्धमा जानकारी लिन नगरपलिकाले निरिक्षण वा अनुगमन गर्नेछ। यसरी समय समयमा निरिक्षण, अनुगामन तथा मुल्यांकन गरिएको अनुसूचि—४ बमोजिमको प्रतिवेदन सम्बन्धित शाखमामा र कार्यपालिकामा समेत प्रेषित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निरिक्षण गर्दा संस्थाले कार्यक्रम सञ्चालनमा लाग्ने आवश्यक सम्पुर्ण सामग्रीहरुको व्यवस्थापन आफैले गरे नगरेको विषयमा समेत अनुगमन गर्नुपर्नेछ।

(३) अनुगमन र मूल्यांकनबाट प्राप्त प्रगति विवरणको आधारमा मात्र बाँकी अनुदानको किस्ता रकम भुक्तानीका लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक सहयोग रकमको भुक्तानी गर्न नियमानुसार प्रतिवेदन आवश्यक नपर्ने भनी स्पष्ट नितिगत निर्णय भएको हकमा अनुगमन तथा मुल्यांकन प्रतिवेदनको आवश्यकता पर्नेछैन।

**१२. निरिक्षण तथा अनुगमनमा सहयोग पुयाउनुपर्नेः-** नगरपालिकाबाट गरिने निरिक्षण, अनुगमन तथा मूल्यांकन कार्यमा सहयोग पुयाउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१३. पटक-पटक आर्थिक सहायता दिन नपाइने-** यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एकै प्रकृतिको घटनामा एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ।

## परिच्छेद—८
## विविध

**१४. सङ्ग/संस्थाको मूल्यांकन गर्न सक्नेः-** नगर कार्यपालिकाको कार्यालयले सूचिकृत सङ्ग/संस्थाको मुल्यांकन अनुसूचि—५ बमोजिम गर्नेछ।

**१५. सङ्ग/संस्थाको हकमा सुचना जारी गर्नेः-** नगरपालिका क्षेत्रभित्र काम गर्न खोज्न सङ्ग/संस्थालााई नगरपालिकाको हित अनुकुल काम गर्न अनुसूचि—६ बमोजिमको सार्वजनिक सुचना जारी गर्न सक्नेछ।

**१६. बचाउ तथा खारेजीः-** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रकृयाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

## अनुसूचि—१
## (दफा २ को खण्ड—ज) संग सम्बन्धित)
## कार्यक्रमको प्रस्ताव र निवेदनको ढाँचा/परियोजना प्रस्ताव

१. संस्थाको नाम :-

२. संस्था दर्ता मिति :-

३. नवीकरण मिति :-

४. संस्था दर्ता भएको कार्यालय :-

५. संस्थाको कार्यक्षेत्र :-

६. संस्थाको कार्यालय रहेको स्थान :-

७. संस्थाको सदस्य संख्या :-

८. कार्यक्रमको शीर्षक :-.....................................

९. कार्यक्रमको स्थल :-............................................

१०. लक्षित वर्ग :-......................................

११. लक्षित संख्या :-............................................

१२. कार्यक्रमको लागत :-

(क) लागत अनुमान :-

(ख) संस्था आफैले बेहोर्ने रकम र प्रतिशत :-

(ग) सिम्रौनगढ नगरपालिकाबाट अपेक्षा गरिएको रकम र प्रतिशत :-

(घ) अन्य निकायबाट पाउने सहयोग रकम र प्रतिशत :-

१३. प्राविधिक सहयोग आवश्यक पर्ने/नपर्ने :-

१४. संयुक्त लगानीमा सञ्चालन हुने भए सो सम्बन्धि विवरण :-..............................

१५. लगानी व्यवहोर्ने श्रोत :-..........................................................

१६. (क) यस अघि यस्तै खालका कार्यक्रम सञ्चालन भए/नभएको :-

(ख) सञ्चालन गरेको भएमा अन्य संस्था संग सहयोग लिए/नलिएको: -

(ग) सहयोग लिएको भएमा लिएका संस्थाहरुः -

(घ) हाल उक्त कार्यको अवस्थाः -

१७. अन्य विवरणहरु :-

संस्थाका पदधिकारीहरुको नामावली :-

अध्यक्ष :-

उपाध्यक्ष :-

सचिव :-

सह—सचिव :-

कोषाध्यक्ष :-

सदस्यहरु :-

## अनुसूचि–२

### (दफा ४ को उपदफा (१) संग सम्बन्धित)
### गैर सरकारी सङ्ग/संस्थाहरुलाई सूचिकृत गर्न जारी गर्ने सुचनाको ढाँचा

विषय :- सङ्ग/संस्था सूचिकृत गर्ने सम्बन्धी सुचना

आर्थिक वर्ष.............................. मा यस सिम्रौनगढ नगरपालिकाको क्षेत्रभित्र कार्य गर्न ईच्छुक सङ्ग/संस्था, संगठन, कल्ब,अध्ययन केन्द्र, मण्डल प्रतिष्ठान,परिषद लगायत गैर नाफामुलक गैर सरकारी सङ्ग/संस्थाहरुलाई नगरपालिकको मौजदात सूचिमा सूचिकृत हुन तपसिल बमोजिमका कागजातहरु संलग्न राखी १५ दिन भित्र आवेदन सिम्रौनगढ नगरपालिका ....................शाखामा पेश गर्नुहुन यो सुचना प्रकाशित गरिको छ । म्याद भित्र दर्ता हुन नआएका आवेदनहरुलाई सूचिमा समावेश गरिने छैन ।

तपशिल :-

१. निवेदनको सक्कल प्रति
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी नवीकरण सहित
३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी नवीकरण सहित
४. संस्थाको विधानको प्रतिलिपी
५. लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी
६. संस्थाको संचालक समिकिो बैठकको निर्णय प्रतिलिपी
७. वडाले कार्यक्रम उपयुक्त भनि गरेको सिफरिसको सक्कलै पत्र
८. अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सो बाट भएको उपलब्धि, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नुपर्ने ।
९. समाज कल्याण परिषदमा आवद्ध भएको प्रमाण पत्रको प्रतिलिपी
१०. गत आ.व.मा नगरपालिकामा मौजुद सूचिमा भएको सोको प्रतिलिपी
११. सञ्चालन गरिने वार्षिक वा पटके कार्यक्रमको विवरण
१२. संस्थाको गत वर्षको आय व्यय विवरण
१३. संस्थाको सञ्चालक समिति सदस्यहरुको विवरण ।

.............................................
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि—३
## (दफा ९ संग सम्बन्धित)
## सम्झौताको ढाँचा

सिम्रौनगढ नगरपालिका र ........................ संस्था बिच.................. बारेको सम्झौता ............................... संस्था (जसलाई यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिन्छ र श्री ...........संस्था (जसलाई दोस्रा पक्ष भनिनेछ ) का बिच ............................मिति को निर्णय अनुसार.....................स्थानमा............................ कार्य गर्नका लागि प्रथम पक्ष ले रु...................... रकम उपलब्ध गराउने र दोस्रो पक्षले...............यर्का गर्ने गरी तपशिल बमोजिमका शर्त बन्देज तथा दायित्वको अधिनमा रही गनृ सम्झौता पत्रमा स्वतन्त्र मन्जुरीको साथ सही छाप गरी १/१ प्रति बुझि लियौ दियौ ।

**शर्तबन्देज तथा दायित्वहरुः-**

१. प्रथम पक्षले कर्यक्रमको सम्झौता रकम ............... हुनेछ र कार्यक्रम शुरु गर्न......... प्रतिशत पेश्की उपलब्ध गराउनेछ

२. दोस्रो पक्षले कार्यक्रम............... मिति र समय भित्र सम्पन्न गरी सक्नुपर्नेछ। सम्पादन गरिने कार्य गुणस्तरीय हुनुपर्नेछ।

३. प्रथम क्षले कार्य सम्पदानको प्रगतिका आधार दोस्रो किस्ता रकम द्धितिय पक्षलाई सोधभर्ना/पेश्की स्वरुप उपलब्ध गराउनुपर्नेछ ।

४. प्रथम पक्षको तर्फबाट खटाईएका कर्मचारीले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ । सोको प्रतिवेदन प्राप्त भएपछि दोस्रो किस्ता भुक्तानीको लागि प्रकृया अगाडी बढाईनेछ। अन्तिम किस्ता रकम कार्य सम्पन्न नगरी भुक्तानी गरिनेछैन। कार्य सम्पन्न भएको सात दिन भित्र कार्य सम्पन्न प्रतिवेदन पेश भए पश्चात मात्र अन्तिम किस्ता रकम भुक्तानी दिईनेछ।

५. यस सम्झौता बमोजिम द्धितीय पक्षले काम शुरु नगरेमा वा काम शुरु नगर बिचमा छोडेमा वा कबुलियत बमोजिम काम नगरेमा प्रथम पक्षले............ कार्यको सम्झौता भंग गर्न सक्नेछ । यसरी सम्झौता भंग गरिएमा द्धितिय पक्षले प्रथम किस्ता वा पेश्की वापत कुनै रकम लिई सकेको भएमा सरकारी बाँकी सरह जुनसुकै तवरबाट असुल उपर गरी नियमानुसार आवइक कारबाही गरिनेछ ।

६. यो सम्झौता कार्यान्वियन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतीबाट विवाद टुङगो लगाईनेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछ ।

८. प्रथम पक्षबाट प्राप्त सम्झौता रकमको लेखापरिक्षण गर्ने गराउने दायित्व द्धितिय पक्षको हुनेछ ।

९. कर्याक्रम कार्यान्वयनको कार्यतालिका प्रथम पक्षलाई दोस्रो पक्षले उपलब्ध गराउनुपर्नेछ । यस कार्यविधि अनुसार गरिने कार्यक्रमहरुमा उपरोक्त बमोजिमको सम्झौता अनिवार्य लागु हुनेछ । यस सम्झौतामा भएका विष्य बाहेकका विषयमा दुबै पक्षको मञ्जुरीमा थप गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| मिति :- | मिति :- |
| सिम्रौनगढ नगरपालिका | संस्थाको नाम :- |

साक्षी

नाम :-

## अनुसुची–४

## (दफा ११को उपदफा (१) संग सम्बन्धित

## अनुगमन प्रतिवेदन फारम

(१) संस्थाको नाम :-......................................................

(२) संस्थाको ठेगाना :-.........................................................

(३) संस्थाको अध्यक्ष वा कार्य समितिको कुनै पदाधिकारी (विवरण उपलब्ध गराउने पदाधिकारी) ....................................................................

(४) कार्यक्रम शुरु मिति :-............................कार्यक्रम सम्पन्न मिति :-.........................................

| क.सं. | आयोजना/ कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ..............अवधिको लक्ष्य | | ................अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक(%) | वित्तीय(%) | भौतिक(%) | वित्तीय(%) | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्त अवस्था.................

(ख) समस्या समाधानका लागि गरिएका प्रयासः

(ग) सुझाव/सिफारिस

(घ) अनुगमन तथा मुल्याङ्कनको समितिलाई यसका अतिरिक्त थप विवरण पेश गर्न आवश्यक लागेमा यो ढाँचा भरी उक्त विवरण समेत संलग्न राखी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ ।

.........................                                                   ..........................................

तयार गर्ने                                                   अनुगमन समितिको संयोजक

# अनुसूचि —५
## दफा १४ संग सम्बन्धित
## मूल्यांकनका आधारहरु

**(क) पेशागत र प्राविधिक योग्यताः**

| विवरण | अंक भार |
|---|---|
| विगत ३ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात | २० |
| विगत २ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात | १२ |
| विगत १ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात | ८ |

**(ख)विगतको कार्यसम्पादनः**

| वर्ष | अंक भार |
|---|---|
| वार्षिक २ अंकले | १० |

**(ग) माग गरे अनुसारको कागज सम्बन्धीः**

| विवरण | अंक भार |
|---|---|
| सम्पुर्ण कागजातहरु पेश गरी पुर्ण रुपमा पेश भएको | १० |
| पेश नगरेको | ० |

**(घ)श्रोत र अवस्थाः**

| विवरण | अंक भार |
|---|---|
| १—३ लाख सम्मको बैंक मौजदात/कार्यपुँजी | २० |
| १—२ लाख सम्मको बैंक मौजदात/कार्यपुँजी | १६ |
| ५० हजार देखि १ लाख सम्मको बैंक मौजदात/कार्यपुँजी | १२ |
| ३० —५० हजार सम्मको बैंक मौजदात/कार्यपुँजी | ८ |

**(ङ) कानुनी सक्षमताः**

| विवरण | अंक भार |
|---|---|
| कानुनी रुपमा आवश्यक सबै कागजात भो र कुनै कानुनी सजाय नपाएको | १० |
| कारबाही भएको/कालोसूचिमा भएको | ० |

**(च) सेवाको उपलब्धताः**

| विवरण | अंक भार |
|---|---|
| आफैले भर्ने | १० |
| सहकार्य साझेदारीबाट गर्ने | ८ |
| सकलन गरी गर्नेभए | ६ |

**(छ)सेवा पछिको गुणस्तरः**

| विवरण | अंक भार |
|---|---|
| कार्य सम्पन्न भएपछि सेवाको दिर्घकालिन गुणस्तर दिन सक्ने | १० |
| कार्य सम्पन्न भए पछि सेवाको दिर्घकालिन गुणस्तर दिन सक्ने | ५ |

**(ज) आवश्यक पछिको गुणस्तरः**

| विवरण | अंक भार |
|---|---|
| आवश्यक थप सेवाको उपलब्धता हुने | १० |
| आवश्यक थप सेवाको उपलब्धता नहुने | ५ |

**अनुसूचि–६**

**(दफा १५ संग सम्बन्धित)**

**नगरपालिका भित्र विभिन्न कार्यक्रम गर्ने संघ/संस्थाहरुमा सार्वजनिक सूचना**

सिम्रौनगढ नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०...../.......... मा आर्थिक, सामाजिक, सांस्कृति र विकासका क्षेत्रमा कार्यगर्ने गैर सरकारी संघ संस्थाबाट सामाजिक विकासका क्षेत्रमा गरिने लगानीमा दोहोरोपना हटाउनु, आपसका परिपुरका समन्वय कार्यम गर्न, लगानीबाट नगरबासीहरुमा अधिकतम लाभ हासिल गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा अनुसार आयेजना, कार्यक्रम कार्यान्वयन र सञ्चालन गर्दा नगरपालिका सग समन्वय राखी गर्नुपर्ने व्यवस्था भए अनुसार सिम्रौनगढ नगरपालिकाको ...................................... शाखामा कार्यक्रमको उदेश्य, लागत, कर्यक्रम स्थल, लक्षित समुख सहितको विवरण पेश गरी समन्वय गरे मात्र आयोजना, कार्यक्रम कार्यान्वयन र सञ्चालन गर्न सम्बन्धित सबै गैर सरकारी संघ संस्थाहरुहरुलाई सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

.............................................
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/१०/१५

आज्ञाले,

...................................
प्रमुख प्रशासकीय अधिकृत